# कोषको पुल्चोक भवन परिसरमा रहेको ६ थान चार पाङ्ग्रे सवारी साधनहरू लिलाम विक्री गर्ने सम्वन्धी कर्मचारी सञ्चय कोषको सिलवन्दी बोलपत्र आव्हानको सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०८१/०३/१९)

कोषको पुल्चोक भवनमा रहेको पुराना ६ थान चार पाँङ्ग्रे सवारी साधनहरु (जे जस्तो अवस्थामा छन् सोही अवस्थामा) सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नु पर्ने भएकोले खरीद गर्न इच्छुक ब्यक्ति/फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र कोषको पुल्चोक स्थित भण्डार शाखाबाट बोलपत्र खरिद गरी पेश गर्नु हुन सूचित गरिन्छ । साथै यो सूचनाको विस्तृत विवरण पुल्चोक स्थित कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ र कोषको **Website: www.epf.org.np** मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
भण्डार शाखा, पुल्चोक
फोन नं. ५०१०१६०

# कोषको पुल्चोक भवन परिसरमा रहेका पुराना ६ थान चार पाङ्ग्रे सवारी साधनहरू लिलाम विक्री गर्ने सम्वन्धी सूचना

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०८१/०३/१९)

कोषको पुल्चोक भवन परिसरमा रहेका ६ थान चार पाँङग्रे सवारीहरु लिलाम विक्री गर्ने सम्वन्धमा (जेजस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रदाता स्वयंले नै उठाएर लानु पर्ने) सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम विक्री गर्नु पर्ने भएकोले खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीले देहायको शर्तहरुको अधीनमा रही सिलवन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ :

१. लिलाम विक्री गरिने सवारी साधनहरु कोषको पुल्चोक भवन परिसरमा रहेका छन् । ती सवारी साधनहरु कार्यालय समय भित्र हेर्न सकिने छ ।

२. बोलपत्रदाता व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्रदाता संस्था भएमा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७९/८० को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत राखी रु. १५००/- (फिर्ता नहुने) नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लिमिटेड, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर सहित लिखित अनुरोध गरेमा कोषको पुल्चोक स्थित भण्डार शाखावाट कार्यालय समय भित्र बोलपत्र फारम प्राप्त गर्न सकिने छ ।

३. बोलपत्र दाखिला गर्ने र प्राप्त बोलपत्रहरु खोल्ने म्याद देहाय बमोजिम हुनेछ :

(क) बोलपत्र फारम यो सूचना गोरखापत्रमा प्रकाशित भएको मिति (२०८१/०३/१९) ले २१ दिन (२०८१/०४/०८) भित्र खरिद गरिसक्नु पर्नेछ ।

(ख) गोरखापत्रमा बोलपत्र आव्हानको सूचना प्रकाशित भएको मितिले २२ औ दिन (२०८१/०४/०९) दिनको १२:१५ वजे भित्र बोलपत्र फारम कोषको पुल्चोक स्थित कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

(ग) प्राप्त बोलपत्रहरु गोरखापत्रमा सूचना प्रकाशित भएको मितिले २२ औ दिन (२०८१/०४/०९) दिनको १:३० वजे कोषको केन्द्रीय कार्यालय, पुल्चोकमा कोषका अधिकृत प्रतिनिधिहरु तथा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य रोकिने छैन ।

(घ) उल्लिखित मितिमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन उल्लेखित समयमा नै उक्त कार्यहरु हुनेछन् ।

४. लिलाम विक्री गरिने पुराना ६ थानचार पाङग्रे सवारी साधनहरुको न्यूनतम विक्री मूल्य (मू.अ.कर बाहेक) को विस्तृत विवरण तपसिलमा उल्लेख गरिएको छ ।

| सि.न. | विवरण | न्यूनतम लिलाम विक्री मूल्य (मु.अ.कर वाहेक ) |
|---|---|---|
| 1 | Chevrolet Car Bagmati B AD 9633 | 5,34,500.00 |
| 2 | Santro GL Car Bagmati B AD 9636 | 6,41,800.00 |
| 3 | Santro GL Car Bagmati B AD 9637 | 6,71,800.00 |
| 4 | Santro GL Car Bagmati B AD 9657 | 6,74,800.00 |
| 5 | Santro GL Car Bagmati B AD 9659 | 6,46,800.00 |
| 6 | Toyota Rav4 Bagmati B AD 9351 | 27,24,500.00 |
| | Total Amount | 58,94,200.00 |

५. बोलपत्रदाताले माथि उल्लेखित सामानहरुको लागि एकमुष्ठ वा छुट्टा छुट्टै आफुले रोजेको सवारी साधनको लागि मात्र पनि बोलपत्र पेश गर्न पाईनेछ वा एउटैं बोलपत्रदाताले माथि उल्लेखित सवारी साधनहरुको लागि पनि आबेदन दिन सक्नेछ । तर उक्त सवारी साधनहरुको मूल्याङ्कन छुट्टाछुट्टै गरिने छ र आफूले कवोल गरेको मुल्यको १० (दश) प्रतिशतले हुन आउने रकम नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लिमिटेड, पुल्चोक स्थित कोषको खाता नं. ००४०१०१०२५४३७३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा नब्बे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त “क” श्रेणीको बाणिज्य बैंकबाट जारी भएको बैक जमानत सहित बोलपत्रसाथ व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाभएमाआफ्नो फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर (PAN) प्रमाणपत्र र आ.व. २०७९/८० को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले कवोल रकममा मू.अ.क. समेत थप गरी बोलपत्र पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको, रीत नपुगेको, पर्याप्त धरौटी समावेश नभएको र मू.अ.क. समावेश नभएको तथा मू.अ.क. बाहेकको कवोल रकम उल्लेखित न्यूनतम मूल्य भन्दा घटि भएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. बोलपत्र फाराम सिलवन्दी गरी खामको वाहिर **“पुराना ६ थान चार पाङग्रे सवारी साधनहरुको लिलाम विक्री सम्बन्धी बोलपत्र”** उल्लेख गरी कोषलाई सम्बोधन गरी पेश गर्नुपर्नेछ ।

९. प्राप्त वोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ ।

१०. उक्त सामानहरुको लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा अवस्थाहरु वोलपत्र कागजातमा नै उल्लेख गरिएको छ । अन्य जानकारी आवश्यक भएमा कोषको पुल्चोक स्थित भण्डार शाखामा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचना कोषको Website: www.epf.org.np मा समेत हेर्न सकिनेछ ।

**कर्मचारी सञ्चय कोष**
भण्डार शाखा, पुल्चोक
फोन नं. ५०१०१६०